# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

स्थानीय सरकार

लक्ष्मीपुर पतारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पतारी सिराहा

मधेश प्रदेश

# विषय सूची


१. पृष्ठभुमि ........ १

१.१ पालिकाको संक्षिप्त परिचय ........ १

१.२ रणनीतिक योजनाको आवश्यकता ........ २

२. अवस्था बिश्लेषण ........ २

२.१ SWOT बिश्लेषण (S-Strength, W-Weakness, O-Opportunity, T-Threat) ........ २

२.२ लक्षित वर्ग पहिचान ........ ५

२.३ सरोकारवाला पहिचान ........ ६

३. दीर्घकालिन सोच ........ ६

४. लक्ष्य ........ ७

५. उद्देश्य ........ ७

६. नीति ........ ७

७. रणनीति ........ ८

८. रणनैतिक कृयाकलापहरू ........ ११

९. वित्त व्यवस्थापन ........ १९

१०. कानुनी व्यवस्था ........ १९

११. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........ १९

१२. रणनीति कार्यान्वयन संरचना ........ २०

१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धि व्यवस्था ........ २२

१४. जोखिमता र जोखिम निराकरणका उपायहरू ........ २२

१५. निष्कर्ष ........ २३

## १. पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा १६ ले सबै व्यक्तिहरुको सम्मान पूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ज) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरिनुका साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले गाउँपालिकाले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ ।

यस सन्दर्भमा लक्ष्मीपुर पतारी गाउँपालिकाले लैङ्गिकमैत्री समावेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, एकल महिला, असहाय र हिंसा पीडितहरुलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकासहित लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र गाउँपालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले “लक्ष्मीपुर पतारी गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९” तर्जुमा गरिएको छ ।

### १.१ पालिकाको संक्षिप्त परिचय

लक्ष्मीपुर पतारी गाउँपालिका सिराहा जिल्लाको मध्य भागमा अवस्थित एक गाउँपालिका हो। साविकको महेशपुर लक्ष्मीपुर, सितापुर, प्रिपा, पोखरभिन्डा र खरूकियाही गाविस मिलाएर बनाइएको यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन्। यस गाउँपालिकामा कूल घरपरिवार संख्या ४,८४६ रहेको छ भने कूल जनसङ्ख्या २९,२०४ रहेको छ जसमा महिलाको जनसंख्या १३,७९३ रहेको छ। यसको क्षेत्रफल ४२.३३ वर्गकिलोमिटर रहेको छ। यस गाउँपालिकाको केन्द्र साविकको महेशपुर गाविसको कार्यालयमा राखिएको छ।

## १.२ रणनीतिक योजनाको आवश्यकता

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाँडफाँटको कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु पन्ध्रौं योजनाका लक्ष्य एवं उद्देश्य हासिल गर्न, दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरी समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ । नेपालले गरेको अन्तराष्ट्रिय प्रतिवद्धतालाई पूरा गरी लैङ्गिक समानता कायम गर्नका लागि गाउँपालिका स्तरीय लैङ्गिक समानता नीति आवश्यक रहेको छ । संघीय व्यवस्था प्राप्तिका लागि मधेसी जनताबाट भएको बलिदानलाई कदर गर्दै समाजमा विद्यमान रहेका विभिन्न प्रकारका विभेदलाई हटाई नजिकको सरकारको रुपमा रहेको यस गाउँपालिकाबाट आफ्नो भुगोलमा रहेका जनताहरुबीच समानता कायम गराउन रणनीतिको आवश्यकता महसुस गरी तयार गरिएको हो।

लैङ्गिक समानता कायम गर्न यस गाउँपालिकाले हासिल गरेको उपलव्धिलाई निरन्तरता दिंदै लैङ्गिक उत्तरदायी शासन संचालन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गर्न यस रणनीतिले मूल नीतिको रुपमा मार्गनिर्देश गर्नेछ।यस नीतिले यस गाउँपालिका भित्र रहेका सार्वजनिक क्षेत्र, नीजि क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवं सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, योजना एवं कार्यक्रममा सामन्जस्यता ल्याउन समन्वय गर्नेछ।'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय आकाक्षां र 'मानव विकास र पहिचानः समृद्ध मधेस समाज' भनी मधेस प्रदेशले निर्धारण गरेको सोचलाई पूरा गर्न सहयोग गर्नेछ।

## २. अवस्था बिश्लेषण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति तयारी गर्नका लागि पहिलो चरणमा वर्तमान अवस्था विश्लेषण गरिनुपर्दछ। गाउँपालिकाको अवस्था विश्लेषणका लागि ३ वटा क्षेत्र निर्धारण गरिएकोछ जसमा पहिलो क्षेत्रमा सवल पक्ष, कमजोरी, अवसर र चुनौतिहरुको विश्लेषण गरिएको छ भने दोस्रो क्षेत्रमा सरोकारवालाहरुको पहिचान र तेस्रो क्षेत्रमा लक्षित समूहहरु को को हुन भनी खोजी गरिएको छ। जसको विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ।

### २.१ SWOT बिश्लेषण (S-Strength, W-Weakness, O-Opportunity, T-Threat)

लक्ष्मीपुर पतारी गाउँपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष (Strength), कमजोर वा सुधारात्मक पक्ष (Weakness), अवसर (Opportunity) तथा चुनौती (Threat) विश्लेषण गरिएको छ।यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशिता, संस्थागत व्यवस्थामा समावेशिता, मानव संसाधन तथा क्षमता विकासमा समावेशिता, सेवा प्रवाहमा समावेशिता र सुशासन तथा उत्तरदायित्वमा समावेशितामा आधारित रहेर विश्लेषण गरिएकोछ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छः

| सवल पक्ष | सुधारात्मक पक्ष |
| --- | --- |
| • पदाधिकारीहरुको आचारसंहिता, २०७५ लागू गरिएको र यसको भाग २ को दफा ३.८ (ख) मा छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्न नहुने, धार्मिक भेदभाव जनाउने खालका काम कुरा गर्ने वा उखान टुक्काको प्रयोग गर्न नहुने कुरा उल्लेख गरिएको<br>• आचारसंहिताको दफा ३.१४ मा लैङ्गिक समानताको प्रबर्द्धन गर्ने बिषय समेटिएको<br>• बार्षिक नीति तथा योजनामा लैससास सम्बन्धी विषयहरु समेटिएको<br>• २ जना शाखा प्रमुखमा महिला रहेको<br>• सभामा ८ जना (कार्यपालिकामा ४ जना महिला (दलित ३ जना र जनजाति एक जना) को सहभागिता रहेको<br>• सभामा १२ जना महिला (दलित ६ जना र अन्य जातिको ६ जना) रहेको<br>• सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक राखिएको<br>• समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, बाल विवाह, बहु विवाह, दाइजो, आदि) हटाउन स्थानीय तहले जनचेतनामूलक कार्यक्रम संचालन गरिएको<br>• अघिल्लो कार्यकालका पदाधिकारी र केही कर्मचारीहरुले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालिम लिएको<br>• १६ दिने अभियान संचालन गरिरहेको<br>• विपत व्यवस्थापन कोषको लागि बजेट | • आवधिक योजना तयार नभएको<br>• लैससास परिक्षण नभएको<br>• कानुन निर्माण र पारित गर्दा लैससास दृष्टिले विश्लेषण नगरिएको<br>• लक्षित समुदायको विकासका लागि निश्चित बजेट छुट्याउने व्यवस्था नरहेको<br>• दिगो विकास लक्ष्य सम्वन्धमा पालिकामा छलफल वा अभिमुखीकरण नभएको<br>• महिलाको आवश्यकतालाई व्यवहारिक र रणनीतिक गरि छलफल नगरिएको<br>• लैङ्गिक विकास हेर्ने छुट्टै इकाइको व्यवस्था नभएको<br>• लैससास कार्यान्वयन समिति गठन नभएको<br>• लैङ्गिक हिंसा निवारण कोष स्थापना नभएको<br>• महिला तथा लक्षित वर्गको सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धिका लागि नीतिगत व्यवस्था सहित बजेट विनियोजन भएपनि प्रभावकारी कार्यान्वयन नभएको<br>• वडा तथा वस्ति स्तरको आधारभूत खण्डिकृत सूचना (जात, वर्ग, लिंगका आधारमा) संकलन तथा अद्यावधिक नभएको<br>• समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालिम अघिल्लो कार्यकालका पदाधिकारी र कर्मचारीहरूले लिएको भएपनि यस सम्वन्धी अभिलेख नभएको<br>• मानव संसाधन विकास शाखा स्थापना नभएको<br>• दक्ष जनशक्तिको कमी रहेको<br>• लैङ्गिक हिंसा मुक्त पालिका घोषणाको लागि पहल नभएको |

| | |
|---|---|
| विनियोजन गरिएको<br>• खोप, पोषण सम्बन्धी कार्यक्रमहरू संचालन भइरहेको<br>• महिला, आर्थिक रूपले विपन्न घर परिवार लगायत लक्षित समूहको स्वास्थ्य बिमा गर्न सहजीकरण र उपचार खर्च दिइरहेको<br>• विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना अभियान संचालन गरिएको<br>• विद्यालयमा छात्र र छात्राका लागि छुट्टा छुट्टै शौचालय रहेको र किशोरी छात्राको लागि सेनेटरी प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्था रहेको<br>• नवनिर्वाचित जनप्रतिनिधिहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको माध्यमबाट समाजमा सकारात्मक परिवर्तनका लागि उत्साही<br>• गाउँपालिकामा जेन्डर फोकल पर्सन तोकिएको<br>• जनप्रतिनिधि र कर्मचारीहरूमा पालिकाको विकासको लागि सकारात्मक सोच हुनु<br>• गाउँपालिकाले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको<br>• आफ्नै कार्यालय भवन रहेको | • राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून, कार्यविधिका बारेमा लक्षित समूहलाई प्रतिनिधित्व गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण न्युन भएको<br>• स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन नभएको<br>• महिला, बालबालिका, अपाङ्गता मैत्री संरचना निर्माणको प्रावधान नभएको<br>• गाउँपालिकाको कार्यालय, अस्पाताल वा स्वास्थ्य चौकी र पालिकाको सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपान कक्षको व्यवस्था नभएको<br>• बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबीलाई आधार मानी महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू केही समावेश भएपनि प्रभावकारी नभएको<br>• विभिन्न विषय (पशु सेवा, कृषि, खाद्य प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) का ग्रामीण महिला प्राविधिकहरू  र सामाजिक परिचालक तयार गर्ने पालिका स्तरीय नीति र कार्यक्रम संचालन नरहेको<br>• लैङ्गिक समानता तथा समावेशीकरणको सवाललाई सामूहिक सम्वोधनका लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण नभएको<br>• सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समूहका व्यक्ति तथा समुदायका सदस्यको अनिवार्य उपस्थिति हुन नसकेको/नगरिएको |

| अवसर | चुनौति |
|---|---|
| • संघीय व्यवस्थाले स्थानीय विकासमा पालिकाको भूमिका बढ्दै जानु<br>• लैससासलाई प्रवर्द्धन र प्रोत्साहन गर्नका लागि गरिएको संवैधानिक प्रावधान<br>• संघीय र प्रदेश सरकारको लैससास सम्बन्धी कानुनी व्यवस्था<br>• प्रदेश सरकारबाट बेटी पढाउ बेटी बचाउ योजना संचालन गरिनु<br>• किशोरी शिक्षाको लागि प्रदेश सरकारबाट कार्यक्रम संचालन हुनु<br>• संघ र प्रदेश सरकारका महत्वपूर्ण व्यक्तिहरुसंग यस पालिकाको जनप्रतिनिधिहरुको सिधै सम्पर्क हुन सक्नु<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधान हुनु | • रुढीवादी र पौराणिक विचारधारा अझै विद्यमान रहनु<br>• शैक्षिक स्तर अझै पछाडी रहनु र जनचेतनाको कमी हुनु<br>• किसान र मजदुरहरुलाई सम्मानको वातावरण नहुनु<br>• विद्यालयमा व्यवहारिक शिक्षा (कृषि, नैतिक शिक्षा) को अध्यापन हुन नसक्नु<br>• छुवाछुत कायमै रहनु, छोरा र छोरीबीच विभेद रहिरहनु र परम्परागत मूल्य मान्यताको कारणले सामाजिक समावेशीकरण सम्बन्धी नीति नियम कार्यान्वयन गर्न कठिनाई हुने<br>• बेला बेला स्थानीय समुदायबीच सामाजिक विखलन आउनु<br>• विद्यमान नीति तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्नका लागि सरोकारवालाहरुको चासो वा दवाव नहुनु<br>• महिलाबाट हुने कामको मूल्यांकन नहुनु |

## २.२ लक्षित वर्ग पहिचान

यस रणनीतिको उद्देश्य नै लक्षित बर्गलाई विकास प्रक्रियामा संलग्न गराई ती वर्गहरुलाई मूलप्रवाहमा ल्याउनु रहेकोले यस गाउँपालिकामा पहिचान गरिएका लक्षित वर्गको विवरण निम्न रहेको छः

क) महिला (दलित, जनजाति, एकल र विपन्न)

ख) बालबालिका

ग) अनाथ,असहाय

घ) जेष्ठ नागरिक

ङ) मधेशी दलित

च) मजदुरी गर्ने समुदाय

छ) विपन्न वर्ग

ज) सुकुम्वासी

झ) अपाङ्गता भएका व्यक्ति

ञ) यौनिक अल्पसंख्यक

ट) द्वन्द्व पीडित

## २.३ सरोकारवाला पहिचान

यस गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि तल उल्लेखित सरोकारवालाहरू पहिचान गरिएको छ र सम्बन्धको आधारमा सरोकारवालाहरूलाई बर्गीकरण समेत गरिएको छः

| प्रत्यक्ष सम्पर्क हुने स्थानीय सरोकारवालाहरु | दोस्रो माध्यमबाट सम्पर्क हुने सरोकारवालाहरु | अप्रत्यक्ष सम्पर्क हुने सरोकारवालाहरु |
|---|---|---|
| गाउँपालिका, वडा कार्यालय, न्यायिक समिति र गाउँपालिकाको शाखाहरु | कृषि सहकारी संस्था | प्रादेशिक मन्त्रालयहरु |
| प्रहरी कार्यालय | वचत तथा ऋण सहकारी संस्था | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| सामुदायिक विद्यालयहरू | पशु सहकारी संस्था | महिला आयोग |
| स्वास्थ्य चौकी | बैंक | दलित आयोग |
| खानेपानी उपभोक्ता समिति | लघुवित्त | मुस्लिम आयोग |
| वाल विकास केन्द्र | गैर सरकारी संघ संस्थाहरू | मानव अधिकार आयोग |
| | महिला समूह | प्रदेश नीति तथा योजना आयोग |
| | युवा समूह | दातृ निकायहरू |
| | बाल समूह/संजाल | संचार माध्यमहरू |
| | कृषक समूह | |
| | राजनीतिक दलहरू | |

## ३. दीर्घकालिन सोच

**न्यायपुर्ण र विभेदमुक्त, लैङ्गिक तथा सामाजिक समावेशी शिक्षायुक्त गाउँपालिका**

**परिभाषाः**

न्यायपूर्णः सबैको कानुनी पहुँच भएको र सहजै कानुनी उपचार पाउने अवस्था

विभेदमुक्तः जातिय, वर्गिय, क्षेत्रीय, लैङ्गिक, उमेरगत लगायत अन्य कारणले विभेद रहित समाज

शिक्षायुक्तः नैतिकवान भई भेदभाव र विभेदलाई अस्विकार गर्ने समुदाय

### ४. लक्ष्य

न्यायोचित तथा समतामूलक विकासको माध्यमवाट वहिष्करणमा परेको वर्गलाई मुलप्रवाहमा ल्याउने।

### ५. उद्देश्य

- लैससासबारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यविधि, लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।
- महिला सहभागिता अभिवृद्धिका लागि लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने।
- स्थानीय तथा वाह्य तहको श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने।
- संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशितालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने।
- मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने।
- हानिकारक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने।
- लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजीक्षेत्र र अरु स्थानीय सरकारसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
- शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने।

### ६. नीति

- वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ति एवम सुशासनसंग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने।
- बार्षिक रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने।

- महिला, जनजाति तथा बालबालिकासंग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।
- पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने।
- लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने।
- लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने।
- वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने।
- लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने।
- स्थानीय मधेशी संस्कारमा रहेका लैससास सम्वन्धी सकारात्मक परम्परालाई जगेर्ना गर्ने।
- बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने।
- मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने।
- निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने।
- सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्बन्धित स्थानीय सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

## ७. रणनीति

यस लक्ष्मीपुर पतारी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि गाउँपालिकामा रहेका अशक्त, गरीब तथा लक्षित वर्गलाई मूलप्रवाहीकरण गरी गाउँपालिकाका सम्पूर्ण गतिविधिहरुलाई लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्दै तल उल्लेखित रणनीतिहरू अवलम्वन गरिनेछः

**मूलप्रवाहीकरण**

क) महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ।

ख) लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गरिनेछ।

**समावेशीकरण, सशक्तिकरण तथा क्षमता विकास**

क) विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गरिनेछ।

ख) लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गरिनेछ।

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकतासंगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाईनेछ।

घ) पढेलेखेका मधेशी समुदायका बुहारीहरूलाई समाजमा रहेका विभेद कुसंस्कार हटाउन र छोरी बुहारी अनिवार्य शिक्षाका लागि पालिकाले दूतको रूपमा परिचालन गरिनेछ।

ङ) स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गरिनेछ।

च) कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गरिनेछ।

छ) पछाडि परेका असक्त, गरीब तथा लक्षित समूहको चुस्त र दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरणका साथै क्षमता अभिबृद्धि गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक क्षमता बिकास गरिनेछ।

**संस्थागत संरचना र सचेकीकरण**

क) लैङ्गिक समानता तथा समजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशिताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याईनेछ।

ख) संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत

संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

ग) समाजमा विद्यमान कुरीतिहरु, अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा जोड्दै छलफल गरिनेछ।

**समन्वय सहकार्य र सहजीकरण**

क)विभिन्न शाखाहरुबीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाईनेछ।

ख)प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरुबीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गरिनेछ।

ग) लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गरिनेछ।

घ) प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गरिनेछ।

ङ) वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कनसम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन गरिनेछ।

च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गरिनेछ।

**सामाजिक संरक्षण र सुरक्षा**

बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको संरक्षणका साथै स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लगिनेछ।

सामाजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपोउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग लगिनेछ।

**अनुगमन तथा मूल्यांकन**

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने र पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाईनेछ।

## ८. रणनैतिक कृयाकलापहरू

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| १ | लैससासबारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यविधि, लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने | लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशिताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याईनेछ | ▪ नीति, कानुन, प्रतिबद्धता सम्बन्धी जानकारीमूलक गोष्ठी संचालन गर्ने<br>▪ दिगो विकास लक्ष्य स्थानीयकरणका लागि गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुलाई क्षमता विकास र परिचालन गर्ने<br>▪ वेइजिङ्ग सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्टसंघीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं. १३२५ र १८२०, आई.एल.ओ. १६९ को वारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई | संचालित गोष्ठीको प्रतिवेदन |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
| --- | --- | --- | --- | --- |
| | | | अभिमुखीकरण गरी कार्यान्वयन गर्ने<br>▪ उल्लेखित सन्धी र प्रतिवद्धताहरु स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश गर्दै कार्यान्वयनका लागि कानुन कार्यविधि तयार गर्ने | |
| | | संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गरिनेछ | ▪ संस्थागत संरचनाहरु निर्माण<br>▪ संस्थागत संरचनाहरुमा बञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गर्ने | विद्यमान संस्थागत संरचनाहरू<br><br>संरचनाहरूमा लक्षित समुदायको प्रतिनिधित्व |
| २ | महिला सहभागिता अभिवृद्धिका लागि लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गरिनेछ | ▪ योजना तर्जुमाको क्रममा लैङ्गिक उत्तरदायी बजेट विश्लेषण गर्ने | लैङ्गिक उत्तरदायी बजेट विश्लेषण प्रतिवेदन |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| ३ | स्थानीय तथा वाह्य तहको श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने | महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ | ▪ सवालहरूको पहिचान<br>▪ पहिचान गरिएका सवालमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने<br>▪ महिला, दलित, जनजाति विपन्न र पछाडी परेका समुदायका लागि पूँजीगत बजेटको ३० प्रतिशत बजेट विनियोजन गर्ने | सवाल पहिचान गरिएको प्रतिवेदन<br><br>कार्यक्रम र विनियोजित बजेटको प्रति |
| | | लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गरिनेछ | ▪ बजारको माग अनुसारको महिलाहरुलाई सीपमूलक कार्यक्रम संचालन गर्ने | संचालित कार्यक्रमको विवरण |
| ४ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशितालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने | स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण | ▪ स्वरोजारका सम्भावित सम्भावनाहरु पहिचान गरी सोही अनुसार सीप प्रदान गर्ने र बजारको सुनिश्चिता गर्ने | संचालित कार्यक्रमको विवरण |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| | | गरिनेछ | | |
| | | कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गरिनेछ | ▪ कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासका लागि आधुनिक सीप प्रदान गर्ने | |
| | | वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कनसम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन गरिनेछ | ▪ लक्षित समुदायको सहभागिता सुनिश्चित गरिने निर्देशिका तयार गर्ने<br>▪ सबै क्षेत्रमा नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताको लागि कानुनी व्यवस्था गर्ने | |
| ५ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकतासंगै क्षमता विकास तथा | ▪ क्षमता विकासका लागि योजना तथा बजेट सुनिश्चित गर्ने<br>▪ सीप विकास कृयाकलाप संचालन गर्ने | |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| | | सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धी बनाईनेछ | | |
| | | पछाडि परेका असक्त, गरीब तथा लक्षित समूहको चुस्त र दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरणका साथै क्षमता अभिबृद्धि गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक क्षमता बिकास गरिनेछ | ▪ महिला तथा लक्षित समूहका लागि आर्थिक अभिवृद्धि सम्बन्धी कार्यक्रम बनाउने | |
| ६ | हानिकारक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | समाजमा विद्यमान कुरीतिहरु, अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा जोड्दै छलफल गरिनेछ | ▪ कुरीति, अन्धविश्वास र गलत परम्परा विरुद्ध सचेतना कार्यक्रम संचालन गर्ने<br>▪ कार्यक्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार, जातिय भेदभाव तथा महिला हिंसा | |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
| --- | --- | --- | --- | --- |
| | | | नियन्त्रण गर्न आचारसंहिता निर्माण गरी लागू गर्ने | |
| ७ | लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजीक्षेत्र र अरु स्थानीय सरकारसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने | प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरुबीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गरिनेछ | ▪ पालिकाबाट तहगत निकाय र संघ संस्थासंग समन्वयात्मक बैठक बस्ने | बैठक माइन्युट |
| | | प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गरिनेछ | ▪ पालिकाको अगुवाईमा विभिन्न सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य बैठक संचालन गर्ने | बैठक माइन्युट |
| | | लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र | ▪ पालिकाको अगुवाईमा विभिन्न सरोकारवालाहरूसंग | |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
| --- | --- | --- | --- | --- |
| | | विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गरिनेछ | नियमित समन्वय र सहकार्य बैठक संचालन गर्ने | |
| | | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गरिनेछ | ▪ विभिन्न सरकारी तथा सहयोगी संस्थाहरूसंग लैससासमैत्री साझा प्रतिफल हासिल गर्नका लागि सहकार्य गर्ने | सहकार्य गरिएको सम्झौताको प्रति |
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने | विभिन्न शाखाहरुबीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाईनेछ | ▪ लैससास प्रवर्द्धनका लागि गाउँपालिकामा रहेका शाखा प्रमुखहरुको नियमित बैठक बस्ने | |
| | | बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता | ▪ पालिकाबाट बालबालिका, | कार्यक्रमको |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| | | भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको संरक्षणका साथै स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गरिनेछ | जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको लागि सामाजिक सुरक्षाका कार्यक्रम संचालन गर्ने | विवरणको प्रति |
| | | सामाजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपोउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गरिनेछ | ▪ पालिकाबाट अल्पसंख्यक, सिमान्तकृत, लोपोउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत वर्गको स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने | |
| | | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने र पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाईनेछ | | |

## ९. वित्त व्यवस्थापन

यस पालिकाको तयार भएको रणनैतिक कृयाकलापहरु संचालन र कार्यान्वयन गर्नका लागि वित्तको आवश्यक पर्ने हुँदा अतिरिक्त वाह्य श्रोत प्राप्त गरेर हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुबाट कार्यान्वयनमा लैससास मैत्री वनाउन निम्न कार्यहरु गरिनेछः

क) लैससास लक्षित कार्यक्रमका लागि गाउँपालिकाले बार्षिक रुपमा निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।

ख) भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने।

ग) लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ) स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने।

ङ) स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरुसंग समन्वय गर्ने।

च) संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुको अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत प्राप्त गर्न आवश्यक जनशक्ति परिचालन गर्ने।

छ) सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## १०. कानुनी व्यवस्था

यस लैससास रणनीति कार्यान्वयन गर्नका लागि लक्ष्मीपुर पतारी गाउँपालिकाको कार्यपालिका बैठकले अनुमोदन पछि कार्यान्वयन हुनेछ । यस रणनीति कार्यान्वयनका लागि व्यवस्था गरिएका संरचनाहरुको निर्माण र अन्य कानुनी प्रावधानहरु समेत तयार गरिनेछ ।

## ११. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिकाका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समितिको हुनेछ। सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ।आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ।यस लक्ष्मीपुर पतारी गाउँपालिकामा कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नु

पर्नेछ। रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाईनेछ। लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरे अनुसार पालिका र वडा स्तरीय समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गरी लैससास रणनीति कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्नेछ र लैससासको सन्दर्भमा पालिकाले लिएको दीर्घकालिन सोच प्राप्तिमा योगदान गर्नेछ।

## १२. रणनीति कार्यान्वयन संरचना

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिकाका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ। यस समितिमा गाउँपालिकाको उपाध्यक्ष, कार्यपालिका सदस्यहरू मध्येबाट एकजना महिला सहित २ जना, लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट एकजना महिला सहित २ जना र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहने छ। सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव रहनेछ। यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाभित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासीजनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने।

ख) लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाउँसभा समक्ष सिफारिस गर्ने।

ग) संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयागे गर्ने गराउने।

घ) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँसभा समक्ष सिफारिस गर्ने।

ङ) यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने।

च) गाउँपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने।

छ) लैससाससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, संझातौहरूको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने।

ज) गाउँपालिकामा क्षेत्रभित्र लैससाससंग सम्वन्धि काम गर्ने संघसंस्थाहरूसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

गाउँपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ जसमा सम्वन्धित वडाका वडा अध्यक्ष संयोजक रहनेछ। यसैगरी सदस्यहरूमा वडा सदस्यहरू, सम्बन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थाबाट

एकजना महिला सहित मनोनित २ जना रहनेछ भने सदस्य सचिवमा सम्बन्धित वडाको वडा सचिव रहनेछ। यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) वडाभित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगौलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने।

ख) वडा भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने।

ग) वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने।

घ) वडाका सबै संरचनाहरूमा ३३ प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्ने र ५० प्रतिशतको लागि आवश्यक पहल गर्ने।

ङ) यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरूको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

च) वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायसी वा संवदेनशिल भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित लैससास परीक्षण गराउन सहजीकरण गर्ने।

छ) वडा कार्यालयको कार्यक्षेत्रभित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भैहाले पनि उजुरीकर्ताको सुरक्षाको निम्ति कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्रभित्र लैङ्गिकहिंसा, घरेलु हिंसा र दुर्व्यबहार सम्बन्धि विषयमा प्राप्त गुनासाहरू लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

ज) लैससासको अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने।

झ) लैससास सम्बन्धित आचारसहिंता निर्माण गर्न सहजिकरण गर्ने।

ञ) लैससासमा काम गर्ने आन्तरिक र बाह्य संघसस्थासँग समन्वय र सहकार्य गर्ने।

सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ। आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ। यस लक्ष्मीपुर पतारी गाउँपालिकामा कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नु पर्नेछ। रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रष्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाईनेछ। लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरे अनुसार पालिका र वडा स्तरीय

समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गरी लैससास रणनीति कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्नेछ र लैससासको सन्दर्भमा गाउँपालिकाले लिएको दीर्घकालिन सोच प्राप्तिमा योगदान गर्नेछ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धि व्यवस्था

यस गाउँपालिकाले रणनीति कार्यान्वयनको अनुगमन गर्नका लागि तल उल्लेखित व्यवस्था गर्नेछः

- यस नीति कार्यान्वयन समितिको अगुवाइ र विषयविज्ञको सहयोगमा गाउँपालिकाले तयार गरेका कानुनहरूको समीक्षा गर्नेछ र आवश्यक भएमा परिमार्जनका लागि सिफारिस गरिनेछ।
- रणनीति कार्यान्वयनको सम्वन्धमा मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणसंग रहन्छ।लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० वटा सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ।
- गाउँपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने व्यवस्था गरिनेछ।
- गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ।जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्नेछ।वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सोको समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ब्यबस्था मिलाईनेछ।

## १४. जोखिमता र जोखिम निराकरणका उपायहरू

उल्लेखित रणनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छः

| सम्भाव्य जोखिम | जोखिम न्युनीकरणका लागि ध्यान दिनुपर्ने कुराहरू |
|---|---|
| • लैससासको विषयमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु। | • सहभागिताकमुलक तालिम, गोष्ठी तथा छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरिने र लैससासलाई प्राथमितामा राख्ने नीतिगत व्यवस्था गर्ने। |
| • खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु। | • योजना तर्जुमा तथा अनुगमन पद्धतिलाई तथ्याङ्कमा आधारित बनाउने। |
| • सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता | • सार्वजानिक तथा निजी क्षेत्रका प्रतिनिधिहरुसंग बसी नियमित अन्तर्क्रृया र छलफल गर्ने साथै |

| | |
|---|---|
| नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्दछ। | लैससास प्रवर्द्धनका लागि आवश्यक निर्देशन प्रदान गर्ने। |
| • लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्दछ। | • बहुपक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने। |
| • लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्तिको सिमितता हुन सक्दछ। | • विषय विज्ञहरुसंग नियमित रुपमा छलफल र परामर्श गर्ने। |
| • विषयगत शाखा तथा अन्य सरोकारवालाहरुवीच लैससास रणनीति कार्यान्वयनमा अन्यौल, विविधता तथा दोहोरोपना हुन सक्दछ । | • गाउँपालिकाका हरेक वैठकमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने। |
| • आर्थिक स्रोतको अभाव हुनु। | • गाउँपालिकाको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गर्ने र बजेट बढाउदै लैजाने। |

## १५. निष्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा बनेका नीति तथा कानुनहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय तहमा भएका सन्धि सम्झौताका साथै प्रतिवद्धताहरुलाई पूरा गर्नका लागि बार्षिक नीति कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ। यस गाउँपालिकामा बनेका नीतिहरुको अध्ययन गर्दा नीतिहरु बन्ने तर त्यसको विषयमा जानकारी समेत नहुने र कार्यान्वयन पक्ष कमजोर भएकोले बनेका नीति नियम र कार्यविधिहरुको के कति कार्यान्वयन भए नभएको समीक्षा गर्दै यसलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नजरले मूल्यांकन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ। गाउँपालिकाले लक्षित वर्गलाई न्यायोचित अवसर दिई अगाडी बढाउने हो भने लक्ष्य प्राप्ति हुने देखिन्छ। लक्ष्मीपुर पतारी गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुबाट यस विषयलाई महत्वका साथ लिएकोले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रक्रिया कार्यान्वयन गर्न सहज हुने देखिन्छ र यस क्षेत्रमा एक नमूना स्थानीय तहको रुपमा स्थापित हुने सम्भावना रहेको छ। नवनिर्वाचित जनप्रतिनिधिहरुमा पालिकाको विकासको लागि उत्साशी भएकोले कर्मचारी संयन्त्रबाट नीति र प्रक्रियालाई सहजता बनाउँदै अगाडी बढ्दा र लैससासलाई केन्द्रविन्दुमा राखी योजना तथा बजेट विनियोजन गरी कार्यान्वयन हुन सकेमा निश्चित रुपमा समाज र समग्र गाउँपालिकामा सकारात्मक परिवर्तन आउनेछ ।

▪